(N E P A L I)

121. विवृत पश्च स्वरको अक्षर हो :

(A) अ (B) इ (C) ए (D) उ

---

122. कुन भाषाको प्रायोगिक व्याकरणमा स्त्रीलिंग र स्त्री इतर लिङ्गको उल्लेख पाँइन्छ ?

(A) असमीया (B) संस्कृत (C) नेपाली (D) बङ्गला

---

123. अचिरको अर्थ ले हो ?

(A) शरीर (B) निन्द्रा (C) पुरानो (D) नयाँ

---

124. नेपाली साहित्यमा महाकवि को हो ?

(A) माधव घिमिरे (B) लक्ष्मीप्रसाद देवकोटा (C) लेखनाथ पौड्याल (D) भानुभक्त आचार्य

---

125. श्रीकृष्ण आचार्य भानुभक्तका के हुन् :

(A) बावु हुन (B) बाजे हुन (C) छोरा हुन (D) केही होइनन्

---

126. पारिजातको जन्म कहाँ भएको थियो ?

(A) सिक्किममा (B) दार्जिलिङमा (C) गुवाहाटीमा (D) काठमाण्डुमा

---

127. भानुभक्तको जीवन चरित्र पहिला कहिले लेखिएको थियो ?

(A) वि.सं. 1925 (B) वि.सं. 1948 (C) वि.सं. 1972 (D) वि.सं. 1990

---

128. शब्दको अघि जोडिने शब्दांश के हो ?

(A) कारक (B) विभक्ति (C) प्रत्यय (D) उपसर्ग

---

129. ऋतुविचार लेख्ने को हुन् ?

(A) भानुभक्त आचार्य (B) लक्ष्मीप्रसाद देवकोटा

(C) शिरोमणि लेखनाथ पौड्याल (D) हरिभक्त कटुवाल

---

130. व्याकरणमा को, का, की र रो, रा, री व्यवहार हुने कारकलाई के भनिन्छ ?

(A) कर्म कारक (B) करण कारक (C) सम्बन्ध कारक (D) सम्बोधन कारक

---

131. जिब्रो र दाँतको सहयोगमा उच्चारण हुने वर्ण :

(A) जिह्वामुलीय वर्ण (B) दन्त्यवर्ण (C) दन्त्यमुलीय वर्ण (D) नेपालीमा छैन

---

132. ''हुने हार दैव नटार'' यो व्याकरणको कुन कोटी हो ?

(A) तुक्का (B) उखान (C) सन्धि (D) गाउँ खाने कथा

---

133. नेपाली वर्णमालामा कतिवटा वर्ण छन् ?

(A) 44 वटा (B) 39 वटा (C) 46 वटा (D) 49 वटा

---

134. नामको सट्टामा प्रयोग हुने शब्दलाई के भनिन्छ ?

(A) अव्यय (B) क्रिया (C) विशेषण (D) सर्वनाम

---

135. संस्कृतको कुन व्यञ्जन वर्णको उच्चारण नेपालीमा हुँदैन ?

(A) क्ष (B) स (C) श (D) त्र

---

136. सम्राट अशोकका समयको प्राकृतलाई कुन प्राकृत भनिन्छ ?

(A) गाथा प्राकृत (B) धम्मपदीय प्राकृत (C) अभिलेखी प्राकृत (D) निय प्राकृत

---

137. के गरेमा अन्तर्गत विभक्तिहरूको लोप हुन्छ ?

(A) सन्धि (B) वाक्य (C) विशेषण (D) समास

---

138. सट्टेनाम भनेको :

(A) अव्यय हो (B) क्रिया हो (C) सर्वनाम हो (D) विशेषण हो

---

139. कुन शब्दमा उपसर्ग जोडिएको छ ?

(A) बदनाम (B) हतियार (C) सहमत (D) विजय

---

140. सतम त केन्तुम वर्ग कुन भाषा परिवारमा पाँइन्छ ?

(A) आर्य युरोपेली (B) इरानेली (C) द्रविड (D) भोट बर्मेली

---

141. सबैभन्दा धेरै पढिने नेपाली खण्डकाव्य कुन हो ?

(A) सुधा (B) गौरी (C) आगो र पानी (D) मुना मदन

---

142. ऋतुविचार के हो ?

(A) कथा (B) निबन्ध (C) उपन्यास (D) खण्डकाव्य

---

143. ''गुरुले छात्रलाई शिक्षादिए।'' यहाँ कुन कारकको प्रयोग भएको छ ?

(A) कर्म कारक (B) करण कारक (C) सम्प्रदान कारक (D) सम्बन्ध कारक

---

144. मुख्य रूपमा रेखा लिपि कहाँ व्यवहार हुन्छ ?

(A) अक्षरमा (B) गणितमा (C) काव्यमा (D) कथामा

---

145. लम्बोदर कुन समास हो ?

(A) द्वन्द (B) वहुब्रीहि (C) तत्पुरुष (D) कर्मधारय

---

146. संस्कृत भाषाका प्रख्यात वैयाकरण को हुन् ?

(A) भतृहरि (B) वाणभट्ट (C) पाणिनि (D) कालिदास

---

147. तनहुँ कहाँ हो ??

(A) नेपालमा (B) भारतमा (C) भुटानमा (D) वर्मामा

---

148. अशोक चल्लका पालामा पाइएको ताम्रपत्र वि.सं. कतिको हो ?

(A) वि.सं. 1303 (B) वि.सं. 1306 (C) वि.सं. 1307 (D) वि.सं. 1312

---

149. झर्रोशब्द भनेको :

(A) संस्कृतबाट आएको शब्द (B) नेपाली भाषाको आफ्नो शब्द

(C) आगम शब्द (D) विलोम शब्द

---

150. ''वालक रोयो'' यसमा कुन क्रियाको प्रयोग भएको छ ?

(A) पूर्वकालिक क्रिया (B) समापिका क्रिया (C) असमापिका क्रिया (D) यौगिक क्रिया
